झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
१ नं. प्रदेश, नेपाल

सम्पर्क नं.: ९८५२६३०९००
ईमेलः jhapagaunpalika@gmail.com
वेबसाईटः jhapamun.gov.np

पत्र संख्या ०७५।०७६

अनुसुचि-२

# करार सेवामा लिने सम्बन्धी सूचना

## सुचना प्रकाशित मितिः-२०७६।०२।१५

झापा गाउँपालिकाको आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्याता पुगेका नेपाली नागरिकहरुले सुचना प्रकाशीत भएको मितिले १० (सात)दिन भित्र दिनको ५:०० बजे सम्ममा तोकीएको राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरीएको छ । कार्य विवरण सम्बन्धित पदका लागि तोकीए बमोजिम हुनेछ । आवेदन फारम गा.पा बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि गाउँपालिकाको स्वास्थ्य शाखामा सर्म्पक गर्नुहोला ।

### वडा नं.१,४,५र ७ का लागि

| सि. नं. | पद, नाम | कार्यगर्नुपर्ने स्थान | आवश्यक संख्या | कौफियत |
|---|---|---|---|---|
| १ | अ.हे.व(चौथो तह) | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ४ (चार) | एक जना उम्मेदवारले इच्छा अनुसार कुनै एक वा सबै वडामा दरखास्त फारम भर्न सक्नेछन र नतिजा क्रमशः वडा नं.१,४,५ र ७ को प्रकाशन गरिनेछ । प्रत्येक वडामा प्रत्येक पदका १/१ जनाको सेवा करार बाट लिईनेछ । |
| २ | अ.न.मी.(चौथो तह) | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ४ (चार) | |
| ३ | का.स(श्रेणी विहिन) | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ४ (चार) | |

### शैक्षिक योग्यता र अनुभव

१.नेपाली नागरिक हुनुपर्ने छ ।

२. न्यूनतम योग्यता -जस्तै मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व को हकमा CMA,अ.न.मी.को हकमा ANM विषयमा उतीर्ण भएको हुनुपर्ने छ ) ।

३.. १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने छ ।

४. CMA हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई म्याद ननाघेको प्रमाण पत्र हुनुपर्ने छ ।

५. ANM हकमा नेपाल नर्सिङ्ग परिसदमा दर्ता भई म्याद ननाघेको प्रमाण पत्र हुनुपर्ने छ ।

६. का.स. का हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ औ कक्षा उतिर्ण गरेको प्रमाण पत्र हुनुपर्ने छ ।

७. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनुपर्ने छ ।

### दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :-

-दरखास्त दिने उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणीत प्रतिलिपी तथा प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणीत प्रतिलिपी संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणीत गर्नुपर्ने छ । स्थायी बसोवासका प्रमाणको हकमा नेपाली नागरिकता वा बसाईसराई प्रमाण पत्र वा स्थायी बसोवासको सिफारिस पेश गर्नुपर्ने छ ।
प्रति दरखास्त दस्तुर अ.हे.व, अ.न.मी को हकमा रु ५००।- र का.स.का लागि ३०० लाग्नेछ

नोटः छनौट विधि, परिक्षा मिति, अर्न्तवार्ता मिति र अन्य सेवा सुविधाका लागि WWW.JHAPAMUN.COM मा जानकारी प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
१ नं. प्रदेश नेपाल

सम्पर्क नं.: ९८५२६३०९००
ईमेल: jhapagaunpalika@gmail.com
वेबसाईट: jhapamun.gov.np

पत्र संख्या ०७५।०७६

## छनौट विधि

झापा गा.पा. करारमा कर्मचारी व्यवस्थापन गर्ने कुर्यविधि २०७६ वमोजिम हुनेछ ।
-लिखित परिक्षा-३५ अंक(बस्तुगत बहुउत्तर प्रश्न सोधिने छ) ।
-कार्य अनुभव-१० अंक -प्रति वर्ष २ अंकका दरले प्राप्त गर्ने छ) ।
-शैक्षिक योग्यता-२५ अंक -विशिष्ट श्रेणीले २५ अंक, प्रथम श्रेणीले २० द्धितिया श्रेणीले १५ अंक तृतीया श्रेणीले १० अंक प्राप्त गर्ने छ ।)
-स्थानिय भए बापत- १० अंक( स्थानिय वडा बासीले १० अंक, गा.पा.वासीले ७ अंक, झापा जिल्ला वासीले ३ अंक र अन्य जिल्लाले १ अंक प्राप्त गर्ने छ) ।
-अन्तवार्ता- २० अंक(घट्टीमा ८ अंक र बढीमा १४ अंक मात्र प्रदान गरिने छ) ।

## परिक्षा मिति

- मिति २०७६।०२।२५ गते परिक्षा सम्बन्धी तालिका गा.पा.को WEBSITE मार्फत सार्वजानिक हुनेछ ।

-छनौट भएका व्याक्तिलाई आषढ मसान्त सम्मका लागि करार गराईनेछ ।कार्यक्रम निरन्तर भई सेवा लिइरहेका जनशक्तीको कार्य सन्तोषजनक भए कार्यक्रम अवधि भर एक पटकमा बढीमा १ (एक) वर्षका दरले सम्झौता गरिनेछ । यसरी सम्झौता गरिएका कर्मचारी हरुलाई स्थायी गर्ने वा स्थायी गर्ने कुनै कुराका लागि यो सम्झौताले आधार प्रदान गर्ने छैन । यस आधारमा सम्बन्धीले त्यस प्रकारको माग गर्न पाउने छैनन् ।

## अर्न्तवार्ता

- लिखित परिक्षामा उतिर्ण भएका योग्यताक्रममा रहेका आवश्यक संख्या भन्दा तिन गुणा बढी परिक्षार्थीको नामावली अर्न्तवार्ताका लागि प्रकाशन गरिनेछ । लिखित परिक्षाको नितिजा वर्णनुक्रमका आधारमा प्रकाशन गरिनेछ ।

## सेवा सुविधा

- अ.हे.व/अ.न.मी.पारिश्रमीक प्रति महिना रु १७०००।-

का.स. पारिश्रमीक प्रति महिना रु १००००।-
विदाको हकमा शनिबार बाहेक मासिक १(एक) दिन मात्र पाईनेछ
चाडपर्व खर्च- करारमा ६ महिना काम गरेको हकमा १ महिना बराबरको चाडपर्व खर्च उपलब्ध गराईनेछ ।
पोषाक भत्ता - बार्षिक रुपमा रु ५०००।(पाच हजार मात्र) उपलब्ध गराईनेछ ।
नोटः- सुचना अवधि वा नतिजा प्रकाशन गर्नुपुर्व जुनसुकै बखत आंशिक वा पुर्ण रुपमा छनोट सम्बन्धी कार्य स्थगीत वा रद्ध गर्न सकिनेछ ।